## रूपा गाउँपालिका

### कास्की जिल्ला, गण्डकी प्रदेश, नेपाल

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

**खण्डः ४ संख्याः ८ मितिः २०७७/०५/२४**

### भाग — २

### रुपा गाउँपालिका कास्कीको सार्वजनिक खरिद नियमावली, २०७७

प्रस्तावनाः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाको मिति २०७७ भदौ १९ को निर्णयअनुसार देहायका नियमहरु बनाएको छ ।

# परिच्छेद -१

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम “रुपा गाउँपालिका कास्कीको सार्वजनिक खरिद नियमावली, २०७७” रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) "अध्यक्ष" भन्नाले रुपा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख) उपाध्यक्ष भन्नाले रूपा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) कार्यालय भन्नाले रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) गाउँपालिका भन्नाले रुपा गाउँपालिका सम्झनु पर्दछ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले रुपा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ ।

च) सम्बन्धित शाखा भन्नाले कार्यालयको प्रशासन शाखा वा सो कार्य गर्न तोकीएको शाखा सम्झनु पर्दछ ।

## परिच्छेद -२

## खरिद कारवाहीको तयारी, लागत अनुमान, बोलपत्र मूल्याङ्कन तथा स्विकृत, भेरिएसन आदेश

३. खरिद कार्यसम्बन्धी कार्य जिम्मेवारीको तहगत व्यवस्थाः रूपा गाउँपालिकामा सार्वजनिक खरिदको प्रयोजनको लागी निम्न बमोजिम जिम्मेवारी सम्बन्धी तहगत रूपमा रहनेछ र खरिद जिम्मेवारी निर्वाहका शर्तहरु निम्न बमोजिम हुनेछनः

क) वडा कार्यालय प्रमुखः प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवको जिम्मेवारी प्राप्त गरेको व्यक्ती,

ख) शाखा प्रमुखः प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त अधिकार बमोजिम गाउँपालिका माताहतमा रहने विषयगत शाखाप्रमुखको जिम्मेवारी प्राप्त  व्यक्ती,

ग) प्रमुख प्रशासकीय अधिकृत

घ) गाउँपालिका अध्यक्ष

ङ) गाउँ कार्यपालिकाः गाउँ कार्यपालिकाको कार्यालयबाट हुने सार्वजनिक खरिदको प्रयोजनको लागी सर्वोच्च कार्यकारी निकायको रुपमा गाउँ कार्यपालिका

रहनेछ र यसले गाउँपालिकाको हकमा संघीय खरिद ऐन तथा संघीय खरिद नियमावलीले नेपाल सरकार मन्त्रिपरिषद्लाई प्रदत्त गरेको अधिकारको प्रयोग गर्नेछ ।

४.  खरिद गुरुयोजनाको स्वीकृतीः कार्यालयले तयार गरेको खरिद गुरुयोजना कार्यपालिकाले स्विकृत तथा संशोधन गर्नेछ ।कार्यपालिका बैठकले बहुबर्षिय योजनाको रूपमा पारित गरेका योजना तथा कार्यक्रम समाबेश गरी खरिद गुरुयोजना प्रमाणित गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ ।

५. बार्षिक खरिद योजना स्वीकृतीः (१) गाउँसभाबाट स्विकृत बार्षिक बिकास योजनामा आधारित भई प्रमुख प्रशासकीय अधिकृतले बार्षिक खरिद योजना स्विकृत गर्नेछ ।

(२) बार्षिक खरिद योजना बिषयगत शाखा प्रमुख तथा कार्यालयगत रूपमा पनि स्विकृत गर्न सकिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकार सञ्चालन ऐनको दफा ७३ (१) बमोजिम खर्च गर्ने अख्तियारी प्राप्त गरेको मितिले १५ दिनभित्र बार्षिक खरिद योजना स्वीकृत गर्नुपर्नेछ ।

६. लागत अनुमानको स्वीकृतीः (१) कानून बमोजिम तयार भएको निर्माण कार्य, मालसामान र अन्य सेवाको लागत अनुमान देहायका अधिकारीबाट स्विकृत गर्नुपर्नेछः

(क) पाँच लाख रूपैया सम्मको लागत अनुमान अधिकृतस्तर छैटौ तहको शाखा प्रमुख वा वडा कार्यालय प्रमुखबाट,

(ख) एक करोड रुपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ग) पाँच करोड रुपैयाँ सम्मको लागत अनुमान गाउँपालिका अध्यक्षबाट वा राजपत्राङ्कित द्धितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(घ) दश करोड रुपैयाँ र सो भन्दा माथिको लागत अनुमान गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिका अध्यक्षबाट,

(२) कानूनबमोजिम तयार भएको परामर्श सेवाको लागत अनुमान देहायका अधिकारीबाट स्विकृती गर्नुपर्नेछः

(क)पाँच लाख रूपैयासम्मको लागत अनुमान अधिकृस्तर छैटौ तहको शाखा प्रमुख वा वडा कार्यालय प्रमुखबाट,

(ख)दश लाख रूपैयासम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ग) पच्चिस लाख रूपैया सम्मको लागत अनुमान गाउँपालिका अध्यक्षबाट वा राजपत्राङ्कित द्धितीय श्रेणीको वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(घ) पच्चिस लाख रुपैयाँ भन्दा माथिको लागत अनुमान गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिका अध्यक्षबाट,

७. बोलपत्र स्विकृत गर्ने अधिकारीः देहायको रकमको बोलपत्र स्विकृत गर्ने अधिकार देहायका अधिकारीहरुलाई हुनेछः

(क) तीन करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुख,

(ख) सात करोड रुपैयाँ सम्मको गाउँपालिका अध्यक्षबाट वा राजपत्राङ्कित द्धितीय श्रेणीको अधिकृत वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुख,

(ग) सात करोड रुपैयाँ र सो भन्दा माथिको लागत अनुमान गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिका अध्यक्ष,

८. परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारीः (१) देहायको रकमको परामर्श सम्बन्धी प्रस्ताव स्विकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः

(क) दश लाख रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ख) पचास लाख रुपैयाँसम्मको गाउँपालिका अध्यक्षबाट वा राजपत्राङ्कित द्धितीय श्रेणीको अधिकृत वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(ङ) पचास लाख रूपैयाँभन्दा माथिको लागत अनुमान गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिका अध्यक्षबाट,

९. भेरियसन आदेशः देहाय बमोजिमका अधिकारीले संघीय खरिद ऐन तथा संघीय खरिद नियमावलीले तोकिएको कार्यविधि अपनाई भेरियसन आदेश जारी गर्न सक्नेछः

(क) पाँच प्रतिशतसम्मको भेरिएशन राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत वा अधिकृतस्तर सातौं वा आठौं तहको कार्यालय प्रमुखबाट,

(ख) दश प्रतिशतसम्मको भेरिएशन गाउँपालिका अध्यक्षबाट वा राजपत्राङ्कित द्धितीय श्रेणीको अधिकृत वा अधिकृतस्तर नवौं वा दशौं तहको कार्यालय प्रमुखबाट,

(ग) दश प्रतिशत देखी पच्चिस प्रतिशतसम्मको भेरिएसन गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिका अध्यक्षबाट,

## परिच्छेद -३

## खरिद सम्बन्धी अन्य व्यवस्था

१०.सोझै खरिद सम्बन्धी ब्यवस्थाः सोझै खरिद सम्बन्धमा संघीय खरिद ऐन र संघीय खरिद नियमावली बमोजिम हुनेछ तर, सो बमोजिम सोझै खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (४) बमोजिमको सार्वजनिक

निकायको हकमा देहायबमोजिमको समितिको सिफारिसको आधारमा कार्यपालिकाबाट निर्णय भए बमोजिम खरिद गर्नुपर्नेछः

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ग) प्राविधिक शाखा प्रमुख सदस्य

(घ) सम्बन्धित शाखाको प्रमुख सदस्य

(ङ) खरिद इकाइ प्रमुख सदस्य सचिव

११.खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी व्यवस्थाः (१) प्रमुख प्रशासकीय अधिकृतले एकै पटक वा पटक गरी शुरु खरिद सम्झौतामा तोकिएको अवधिको पचास प्रतिशत सम्मको अवधि थप गर्न सक्नेछ ।

(२) तोकीएको अधिकारीहरुलाई प्राप्त अधिकार भन्दा थप अवधिको म्याद थप गर्नुपर्दा गाउँ कार्यपालिकाबाट निर्णय गरेबमोजिम हुनेछ ।

१२.उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्बन्धी व्यवस्थाः (१) उपभोक्ता समिति वा लाभग्राही

समुदायबाट काम गराउँदा लाभग्राही समुदायले योगदान गर्नुपर्ने जनसहभागीताको अंश गाउँपालिकाले निर्धारण बमोजिम हुनेछ ।

(२) गाउँपालिकाको योगदान साठी प्रतिशत तथा लाभग्राहीको योगदान चालिस प्रतिशत रहने गरी योजना सञ्चालन गर्दा उपभोक्ता समितिबाट सञ्चालन गर्न प्राथमिकता दिईनेछ।

(३) सम्झौता बमोजिम कार्यसम्पादन बढी भएमा थप रकम भुक्तानी दिइने छैन तर, घटी काम भएकोमा अनुपातिक रुपमा अनुदान घटाइ भुक्तानी दिइने छ ।

(४) लाभग्राहीहरुको लागत सहभागिता रहेका तर बोलपत्रको प्रकृयाबाट संचालित योजनाहरुमा बोलपत्रको क्रममा लागत अनुमान भन्दा कम रकम सम्झौता भएको अवस्थामा घटेको अनुपातमा लागत सहभागिता रकम सोही योजनाको लागत बाँकी काम गर्न काममा दोहोरोपना नपर्ने तथा प्राविधिक शाखाको सिफारिसका आधारमा उपभोक्ता समितिसँग सम्झौता गर्न सकिनेछ ।

१३.विभागीय प्रमुखको अधिकार प्रयोग गर्नेः यस नियमावलीमा अन्यथा व्यवस्था भएको बाहेक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संघीय खरिद नियामवलीमा उल्लिखत विभागीय प्रमुखको अधिकार र जिम्मेवारी प्रयोग गर्नेछ ।

## परिच्छेद-४

## विविध

१४.खारेजी र बचाउः (१) रूपा गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७५ खारेज गरिएको छ ।

(२) यस नियमावलीमा उल्लेखित बिषयमा यसै नियमावली बमोजिम तथा अन्य प्रावधानको हकमा संघीय खरिद नियमावली बमोजिम हुनेछ ।

(३) यो नियमावली लागू हुनुपुर्व सम्झौता भइसकेका योजनाको हकमा सम्झौता बमोजिम हुनेछ ।

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत